# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०४९ सालको ऐन नं १७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्

### दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

६२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "दैवी प्रकोप (उद्धार) (दोस्रो संशोधन) ऐन, २०४९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा २ मा संशोधन : दैवी प्रकोप (उद्धार) ऐन, २०३९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को:-

(१) खण्ड (ङ) झिकिएको छ।

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) "स्थानीय समिति" भन्नाले दफा ७ बमोजिम गठित स्थानीय दैवी प्रकोप उद्धार समिति सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को :-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिम गठन हुने केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:-



४३९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (क) | गृह मन्त्री- | अध्यक्ष |
| (ख) | आवास तथा भौतिक योजनामन्त्री- | सदस्य |
| (ग) | स्वास्थ्य मन्त्री - | सदस्य |
| (घ) | सचिव, अर्थ मन्त्रालय- | सदस्य |
| (ङ) | सचिव, रक्षा मन्त्रालय- | सदस्य |
| (च) | सचिव, गृह मन्त्रालय- | सदस्य |
| (छ) | सचिव, परराष्ट्र मन्त्रालय- | सदस्य |
| (ज) | सचिव, निर्माण तथा यातायात मन्त्रालय- | सदस्य |
| (झ) | सचिव, जलस्रोत मन्त्रालय- | सदस्य |
| (ञ) | सचिव, सञ्चार मन्त्रालय- | सदस्य |
| (ट) | सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ठ) | सचिव, श्रम तथा सामाजिक कल्याण मन्त्रालय- | सदस्य |
| (ड) | सचिव, आपूर्ति मन्त्रालय- | सदस्य |

832



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) सचिव, राष्ट्रिय योजना
आयोगको सचिवालय- सदस्य

(ण) उपरथी, शाही नेपाली
जङ्गी अड्डा- सदस्य

(त) प्रहरी महानिरीक्षक,
प्रहरी प्रधान कार्यालय सदस्य

(थ) प्रतिनिधि, सामाजिक
सेवा राष्ट्रिय समन्वय
परिषद्- सदस्य

(द) प्रतिनिधि, नेपाल
रेडक्रस सोसाइटी- सदस्य

(ध) प्रतिनिधि,
नेपाल स्काउट- सदस्य

(न) महानिर्देशक,
खानी तथा भूगर्भ
विभाग- सदस्य

(प) महानिर्देशक,
जल वायु विज्ञान विभाग- सदस्य

(फ) श्री ५ को सरकारबाट
मनोनीत लब्ध प्रतिष्ठित
दुई व्यक्ति- सदस्य

(ब) अतिरिक्त सचिव
(दैवी प्रकोप
सम्बन्धी काम हेर्ने),
गृह मन्त्रालय- सदस्य-सचिव"



833
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) केन्द्रीय समितिले दैवी प्रकोपबाट प्रभावित जिल्लाबाट प्रतिनिधित्व गर्ने सम्बन्धित सांसदलाई केन्द्रीय समितिको बैठकमा आमन्त्रण गर्नेछ।"

४. <u>मूल ऐनमा दफा ५क, ५ख, र ५ग, थप</u> : मूल ऐनको दफा ५ पछि देहायका दफा ५क, ५ख र ५ग, थपिएका छन् :-

"५क. <u>उपसमितिको गठन</u> : केन्द्रीय समितिलाई आवश्यक सुझाव र सल्लाह दिन, केन्द्रीय समितिको नीति निर्देशन कार्यान्वयन गर्नमा सघाउ पु-याउन तथा दैवी प्रकोप परेकोमा उद्धार र पुनर्स्थापना गर्ने कार्य प्रभावकारी ढङ्गले सञ्चालन गर्न गराउन केन्द्रीय समितिले उद्धार तथा उपचार उपसमिति र आपूर्ति, आश्रय तथा पुनर्स्थापना उपसमिति गठन गर्न सक्नेछ।

५ख. <u>उद्धार तथा उपचार उपसमिति</u> : (१) उद्धार तथा उपचार उपसमितिमा देहायका सदस्यहरू रहने छन्:-

(क) स्वास्थ्य मन्त्री- संयोजक

(ख) सचिव, सञ्चार मन्त्रालय- सदस्य

(ग) सचिव, निर्माण तथा यातायात मन्त्रालय- सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) उपरथी, शाही नेपाली जङ्गी अड्डा- सदस्य

(ङ) प्रहरी महानिरीक्षक, प्रहरी प्रधान कार्यालय- सदस्य

(च) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी- सदस्य

(छ) प्रतिनिधि, नेपाल स्काउट- सदस्य

(२) उद्धार तथा उपचार उपसमितिको सचिव संयोजकले तोके बमोजिम हुनेछ।

(३) उद्धार तथा उपचार उपसमितिको आन्तरीक कार्यविधि उद्धार तथा उपचार उपसमिति आफैले व्यवस्थित गर्न सक्नेछ।

(४) उद्धार तथा उपचार उपसमितिको काम र कर्तव्य केन्द्रीय समितिले तोके बमोजिम हुनेछ।

४ग. आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमिति : (१) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिमा देहायका सदस्यहरु रहने छन्:-

(क) आवास तथा भौतिक योजना मन्त्री- संयोजक



532

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सचिव,
अर्थ मन्त्रालय- सदस्य

(ग) सचिव, गृह मन्त्रालय- सदस्य

(घ) सचिव,
आपूर्ति मन्त्रालय- सदस्य

(ङ) सचिव, श्रम तथा
सामाजिक कल्याण
मन्त्रालय- सदस्य

(च) सचिव,
जलस्रोत मन्त्रालय- सदस्य

(छ) सचिव, निर्माण तथा
यातायात मन्त्रालय- सदस्य

(ज) प्रतिनिधि, सामाजिक
सेवा राष्ट्रिय
समन्वय परिषद्- सदस्य

(२) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिको सचिव संयोजकले तोके बमोजिम हुनेछ।

(३) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिको आन्तरीक कार्यविधि आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमिति आफैले व्यवस्थित गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(४) आपूर्ति, आश्रय तथा पुनर्स्थापन उपसमितिको काम र कर्तव्य केन्द्रीय समितिले तोके बमोजिम हुनेछ।"

५. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छ :-

"(छ) जिल्ला समिति तथा स्थानीय समितिलाई उद्धार कार्य गर्ने गराउने सम्बन्धमा निर्देशन दिने।"

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ मा रहेका "अञ्चल दैवी प्रकोप उद्धार समिति" भन्ने शब्दहरू झिकिएका छन्।

७. मूल ऐनको दफा ७क. मा संशोधन : मूल ऐनको दफा ७क. को खण्ड (ख) मा रहेका "अञ्चल समितिहरू" भन्ने शब्दहरूको सट्टा "जिल्ला समितिहरू" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को उपदफा (१) को:-

(१) खण्ड (ख) मा रहेका "अञ्चल समितिमा" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय समितिमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (घ) मा रहेका "अञ्चल समितिलाई" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय समितिलाई" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) केन्द्रीय समिति र क्षेत्रीय समितिको निर्देशन अनुसार कार्यहरू गर्ने।"

९. मूल ऐनको दफा ९क मा संशोधन : मूल ऐनको दफा ९क. को सट्टा देहायको दफा ९क. राखिएको छः-

"९क. स्थानीय समितिको काम र कर्तव्य : स्थानीय समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) दैवी प्रकोपबाट भएको क्षतिको विस्तृत विवरण तयार गरी दैवी प्रकोपबाट पीडित व्यक्तिलाई उद्धार तथा पुनर्स्थापनाको लागि चाहिने आवश्यक स्रोत तथा साधनको समेत अनुमान गरी जिल्ला समितिमा पेश गर्ने,

(ख) आवश्यकतानुसार स्वयंसेवकहरूको टोली गठन गरी उद्धार कार्य सञ्चालन गर्ने गराउने,

(ग) दैवी प्रकोपबाट घाइते हुन पुगेका व्यक्तिहरूलाई सकभर छिटो नजीकको स्वास्थ्य चौकी वा अस्पताल पु-याउन आवश्यक व्यवस्था मिलाउने,

(घ) दैवी प्रकोपबाट पीडित व्यक्तिहरूलाई सुरक्षित स्थानमा राख्न लगाउने व्यवस्था गर्ने,

४३८



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) जिल्ला समिति तथा अन्य स्थानीय स्रोतबाट प्राप्त भएको नगद तथा वस्तुगत सहयोग दैवी प्रकोपबाट पीडित परिवारहरूलाई व्यवस्थित तरीकाले वितरण गर्ने,

(च) दैवी प्रकोपको संभावित घटनाहरूको रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा पूर्व तयारीको लागि जनचेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने,

(छ) दैवी प्रकोप उद्धार कार्य समाप्त भएपछि बाँकी रहन आएको मालसामान र नगद तथा तत्सम्बन्धी हिसाब किताब दैवी प्रकोप उद्धार कार्यको जिल्ला समितिमा बुझाउने।"

१०. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ मा रहेका "अञ्चल समिति" भन्ने शब्दहरू झिकिएका छन्।

११. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को ,-

(१) उपदफा (१) को खण्ड (ग) झिकिएको छ।



४३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) मा रहेका "दैवी प्रकोप अञ्चल सहायता कोष" भन्ने शब्दहरू झिकिएका छन्।

१२. <u>मूल ऐनको दफा १४ मा संशोधन</u> : मूल ऐनको दफा १४ को ,-

(१) उपदफा (१) मा रहेका "विवरण प्रत्येक दुई महीनामा" भन्ने शब्दहरूको सट्टा "लेखापरीक्षण भएपछि" भन्ने शब्दहरू राखिएका छन् र सोही उपदफामा रहेका "अञ्चल समिति" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) केन्द्रीय समिति, क्षेत्रीय समिति, जिल्ला समिति तथा स्थानीय समितिबाट भएको खर्चको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको कुनै दर्तावाला लेखा परीक्षकबाट हुनेछ।"

१३. <u>मूल ऐनको दफा १९ मा संशोधन</u> : मूल ऐनको दफा १९ मा रहेका "अञ्चल समिति" भन्ने शब्दहरू झिकिएका छन्।

४४० (१८)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. रूपान्तर : मूल ऐनको ठाउँ-ठाउँमा रहेको "इलाका" भन्ने शब्दको सट्टा "स्थानीय" भन्ने शब्द राखिएको छ।

१५. खारेजी : मूल ऐनको दफा ८ खारेज गरिएको छ।

लालमोहर सदर मिति:- २०४९।६।१४।५

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।